प्रदेश सरकार

भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

प्रदेश नं. १

खोटाङ, दिक्तेल

## जिन्सी मालसामान लिलामको बिक्रीका लागि बोलपत्र आह्वानको सूचना

प्रथमपटक प्रकाशित मितिः २०७७।०७।०२

यस कृषि ज्ञान केन्द्र, खोटाङमा रहेका तपशिल बमोजिमका (प्रयोग भइसकेका जिन्सी सामानहरु, कम्प्युटर, प्रिण्टर, फर्निचर, काठपात, कार्यालय सामान आदि) सामानहरू जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट निम्न शर्तहरूको अधिनमा रही सिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

१. मालसामानको विवरण

| लिलाम हुने मालसामान | न्यूनतम मूल्य |
|---|---|
| जिन्सी सामानहरु,कम्प्युटर, प्रिण्टर, फर्निचर, काठपात, कार्यालय सामान आदि | रु.२५२५२.५० |

२. इच्छुक बोलपत्रदाताहरूले यस कार्यालयको प्रशासन शाखाबाट आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्र पुस्तिका हेर्न तथा खरिद गर्न सक्नेछन्

३. इच्छुक बोलपत्रदाताहरूले २०७७।०७।०२ गतेको १५ (पन्धौं) औं दिनको कार्यालय समयभित्र फिर्ता नहुने गरी रु. ३००।- (तीन सय रुपैयाँ) यस कार्यालयको आर्थिक प्रशासन शाखामा बुझाई सो को रसीद सहित लिखित निवेदनको साथमा बोलपत्रदाताको फर्म भए फर्म दर्ता प्रमाणपत्र तथा इच्छुक व्यक्ति भएमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपीहरू नियमानुसार प्रमाणित गरी बोलपत्र फाराम खरिद गर्न पाऊँ भनी निवेदन पेश गर्नुपर्नेछ ।

४. बोलपत्र प्रथमपटक प्रकाशित भएको मितिले १६ औं दिन मिति २०७७।०७।१७ गते दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराइ सक्नुपर्नेछ ।

५. प्राप्त भएका बोलपत्रहरू 16 औं दिनको ३:०० बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्नेछैन ।

६. बोलपत्रदाताले बोलपत्रसाथ जमानतबापत आफूले कबोल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको १०% (दश प्रतिशत) रकम यस कार्यालयको कोड ३१२०१०८०११ बाट कोष तथा लेखा नियन्त्रक कार्यालयको धरौटी खाता नं. २०६०१००२०२०३०००० मा जम्मा गरी त्यसको सक्कल बैंक भौचर पेश गर्नुपर्नेछ ।

७. बोलपत्र स्वीकृत गर्दा अधिकतम मूल्याङ्कित, सारभूत रूपमा प्रभावकारी बोलपत्रलाई स्वीकृत गरिनेछ ।

८. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने कार्य गरिनेछ ।

९. बोलपत्रदाताले बोलपत्र फाराम भर्दा राम्ररी अध्ययन गरी सच्याएको ठाउँमा र प्रत्येक पानामा आफूले हस्ताक्षर गरी आफ्नो फर्मको छापसमेत लगाउनुपर्नेछ ।

हरि नारायण राई
नि. प्रमुख

कृषि ज्ञान केन्द्र, खोटाङ